सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीतिपत्र श्रृंखला नं २५
पुस २०७८

# नेपालमा सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयन स्थिति

श्रीराम पौडेल

## सारसंक्षेप

नेपालमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन भएको १३ वर्ष नाघेको छ। यस अवधिमा सार्वजनिक निकाय सूचनाको हकका बारेमा ज्यादा जानकार रहेपनि सूचना प्रवाहमा सक्रिय देखिएका छैनन्। खुला र पारदर्शी शासन व्यवस्था स्थापना गर्ने उद्देश्यसहित कार्यान्वयनमा आएको ऐनका धेरै पक्ष कार्यान्वयन हुन सकेका छैनन्। नागरिक सूचना माग्न नआएपनि स्वत: प्रकाशन गरेर पारदर्शिता कायम गर्ने सवालमा सार्वजनिक निकाय चुकेका छन् भने सूचनाको वर्गीकरण गर्नुपर्ने मूल काम गरिएको छैन। नीति कार्यान्वयनमा सरकारी उदासिनता एवं कानूनमा रहेका दुविधाले सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रुपमा लागू भएको भन्नमिल्ने अवस्था छैन। यो नीतिपत्रमा संविधान र कानूनमा गर्नुपर्ने संशोधन, सूचनाको हकको कानून कार्यान्वयनको समीक्षा, सूचना आयोगको भूमिका एवं संघीय स्वरुपमा सूचना हक लगायतका पक्षमा विश्लेषण गरिएको छ।

**मुख्य शब्दावली:** सूचनाको हक, नीति कार्यान्वय, सार्वजनिक निकाय

## पृष्ठभूमि

सन् १९९० सम्म विश्वमा १४ वटा मुलुकले मात्र सूचनाको हकको अभ्यास गरिरहेका बखत नेपालमा सोही अवधिमा जारी जनआन्दोलन पछि बनेको संविधानले सूचनाको हकलाई मौलिक हकको रुपमा पहिलो पटक स्वीकार गरेको हो।[1] संवैधानिक व्यवस्थासहित सूचनाको हकलाई आत्मसात् गरिएपनि त्यसलाई मूर्तरुप दिने ऐन बनाउन झन्डै १७ वर्ष लाग्यो। यो वेलासम्म विश्वका ७७ वटा मुलुकले कानूनी बन्दोबस्तसहित सूचनाको हक प्रयोगमा ल्याइसकेका थिए। २०६३ को जनआन्दोलनको सफलतापछि बनेको अन्तरिम संविधानले[2] पनि सूचनाको हकलाई सार्वजनिक चासो मात्र नभइ आफ्नो महत्वको समेत प्रावधान थपेर दायरा फराकिलो पार्दै मौलिक हकको रुपमा स्थापित गर्यो। त्यसवखत पुनर्स्थापित व्यवस्थापिका संसदले सूचनाको हकसम्बन्धी ऐन पारित गरेर खुला र पारदर्शी शासन प्रशासनका लागि प्रतिबद्ध भएको सन्देश दियो। ऐन पारित भएको ३० औं दिनमा कार्यान्वयनमा आउने प्रावधान राखिएको यो ऐन २०६४

1 नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा सूचनाको हक सम्बन्धी व्यवस्था थियो।
2 अन्तरिम संविधान, २०६३ को धारा २७ मा सूचनाको हक सम्बन्धी व्यवस्था थियो।

भदौ ३ गतेदेखि लागू भएको हो ।[3] ऐन कार्यान्वयनमा आएको १० महिनापछि राष्ट्रिय सूचना आयोगको गठन भयो भने आयोग गठन भएको ८ महिनापछि सूचनाको हक सम्बन्धी नियमावली बन्यो ।

विश्व परिदृश्य नियाल्ने हो भने सन् १९९० को प्रजातान्त्रिक लहरसँगै धेरै मुलुकले सूचनाको हकलाई आत्मसात् गरेका छन् । यसअघि सूचनाको स्वतन्त्रता वा अभिव्यक्ति स्वतन्त्रताको आयामको रुपमा सूचनाको पहुँचको सन्दर्भलाई हेरिएपनि यसपछिका दिनमा यो अभियान क्रमश: सूचनाको हकको रुपमा स्थापित भएको पाइन्छ । सन् १९९० मा सूचनाको हकको अभ्यास गरिरहेका मुलुकको संख्या १४ रहेकोमा सन् २००० सम्ममा यो संख्या ३९ थियो भने सन् २००५ मा छिमेकी भारतमा सूचनाको हक कार्यान्वयन गर्दा यो संख्या ६९ थियो । नेपालमा सूचनाको हकसम्बन्धी ऐन पारित भएको वर्ष सन् २००७ सम्म ७७ र अहिलेसम्म विश्वका १३४ मुलुकले सूचनाको हकको अभ्यास गरिरहेका छन् । सूचनाको हकलाई संविधानमा नै समावेश गर्नेमा नेपाल दक्षिण एशियामा पहिलो मुलुक हो (गुरुङ, २०२१)[4] भने यस्ता मुलुकको संख्या अहिले ५० भन्दा बढी छ । आर्टिकल १९ संस्थाका अनुसार अहिले विश्वको ९० प्रतिशत जनसंख्या सूचनाको हकसम्बन्धी कानून वा नीतिको पहुँचमा छ । सूचनाको हकसँग सम्बन्धित संवैधानिक एवम् ऐन, नियमावली र निर्देशिकाका प्रावधानको सामाग्री विश्लेषण र विज्ञसँगको कुराकानीलाई नै अनुसन्धान पद्धती बनाइएको यो नीतिपत्रमा कानून कार्यान्वयनका विभिन्न पक्षमा योजनाबद्ध समीक्षा गरिएको छ । यस नीतिपत्रमा संविधान र कानूनमा गर्नुपर्ने संशोधन, सूचनाको हकको कानून कार्यान्वयनको समीक्षा, सूचना आयोगको भूमिका, प्रदेशस्तरमा सूचनाको हक जस्ता पक्षमा चर्चा गर्दै थप चिन्तन गर्नुपर्ने आयामका बारेमा उल्लेख गरिएको छ ।

# १. संवैधानिक प्रावधान र संशोधनको आवश्यकता

सूचनाको पहुँचको महत्वलाई प्राथमिकता दिने संयुक्त राष्ट्रसंघको मानवाधिकार विश्वव्यापी घोषणा पत्र (युडीएचआर), १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र (आइसीसीपीआर), १९६६ को पक्ष राष्ट्र रहेको नेपालले आफ्नो पछिल्लो संविधानमा पनि सूचनाको हकलाई अन्तरिम संविधानमा जस्तै प्राथमिकता दिएको छ ।

नेपालको संविधान, २०७२ को धारा २७ मा सूचनाको हकमा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ" भनिएको छ । तर यसको स्पष्टीकरण खण्डमा "तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई पनि बाध्य पारिने छैन" भनिएको छ । अर्कोतर्फ ऐनमा सूचना मागको प्रयोजन खुलाउनुपर्ने बाध्यात्मक अवस्था छ । यो प्रावधान हटाउनु पर्छ । दिन मिल्ने सूचना सबैका लागि सार्वजनिक हुन्छ भने दिन नमिल्ने सूचना बारे प्रष्ट कारण दिनुपर्छ ।

'प्रत्येक नागरिकलाई' मात्र सूचना माग्ने र पाउने अधिकार रहने व्यवस्थाका कारण संघसंस्था र गैरनागरिक (स्वदेशी वा विदेशी दुवै) का हकमा यो अधिकार सीमित गरिएको देखिन्छ भने अर्कोतर्फ 'आफ्नो वा सार्वजनिक सरोकारको विषयका सूचनामा मात्र' नागरिकको पहुँच हुने व्यवस्थाले नागरिकका अधिकारलाई सीमित गर्न सघाउ पुग्ने देखिन्छ (ढुंगेल, २०७८)।[5] यसैगरी "तर कानून बमोजिम सूचना गोप्य राख्न सकिने" प्रावधानले क्षेत्रगत कानूनमा[6] रहेको गोप्य प्रावधानसमेतलाई जोडेर व्याख्या गर्दा सूचना प्रवाहमा अवरोध देखिएको छ । तसर्थ यो प्रतिबन्धात्मक वाक्यमा "तर सूचनाको हकसम्बन्धी कानूनमा प्रवाह नगरिने भनिएका सूचना दिन कसैलाई बाध्य गरिने छैन" भनी परिमार्जन गर्न सूचना आयोगले सिफारिस गरेको छ ।

अर्कोतर्फ विश्वव्यापी प्रचलन अनुसार सूचना माग्ने र पाउने मात्र नभइ 'प्रवाह गर्ने' अधिकार थप्नुपर्छ भने 'प्रत्येक नागरिक' को सट्टा 'प्रत्येक व्यक्ति' बनाउनुपर्ने देखिन्छ । किनभने नागरिक शब्दले नेपाली नागरिकलाई मात्र इंगित गरेको छ । अहिले नेपाली डायस्पोरा फराकिलो भएको छ र प्रत्यक्ष वैदेशिक लगानी बढ्दै गएको छ र अन्तराष्ट्रिय संयन्त्र/संजालमा नेपालको आबद्धता पनि फराकिलो भएकोले नागरिकको साटो व्यक्ति राख्नेगरि संशोधन गर्दा उपर्युक्त हुन्छ । युडीएचआर र आइसीसीपीआरका धारा १९ मा प्रत्येक नागरिकलाई सूचनाको हक हुने प्रावधानको अनुकूल हुनेगरी नेपालको संवैधानिक र कानूनी व्यवस्था परिमार्जन गर्नु आवश्यक छ ।

छिमेकी मुलुक भारतको सूचनाको हकसम्बन्धी कानूनमा नागरिकका अलावा 'तेस्रो पक्ष' को परिकल्पना गरिएको छ ।[7] बंगलादेशको कानूनमा पनि तेस्रो पक्षको व्यवस्था गरिएको छ भने पाकिस्तानको कानूनमा आफ्ना नागरिकलाई मात्र यो अधिकार रहने उल्लेख छ । माल्दिभ्सको कानूनमा भने 'प्रत्येक व्यक्ति'को व्यवस्था छ ।

---

3 त्यस वखतको व्यवस्थापिका-संसदले २०६४ साउन ५ गते सूचनाको हक सम्बन्धी ऐन पारित गर्यो भने ऐन अनुसार २०६५ वैशाख २२ गते राष्ट्रिय सूचना आयोग गठन भयो र सोही वर्ष माघ २७ गते सूचनाको हक सम्बन्धी नियमावली जारी गरियो ।

4 (गुरुङ, २०२१) The Right to Know यहाँ उपलब्ध छ: https://kathmandupost.com/columns/2021/09/27/the-right-to-know

5 ढुङ्गेल, विनोद (२०७८). नेपालमा मिडियासम्बन्धी कानून निर्माण: संकुचनमा मिडिया अधिकार, सेन्टर फर मिडिया रिसर्च- नेपाल, नीतिपत्र श्रृङ्खला नं. १९ ।

6 आम्दानी कर र मूल्य अभिवृद्धि करसँग सम्बन्धी कानूनमा करदाताको सूचना गोप्य राख्ने प्रावधान छन् । यसैगरी सुरक्षा, लेखापरीक्षण, उपभोक्ता संरक्षण, सार्वजनिक खरिद, वैयक्तिक गोपनीयतासँग सम्बन्धित कानूनहरुमा सूचना गोप्य रहने प्रावधान छन् ।

7 भारतको सूचनाको हकसम्बन्धी कानून 'The Right to Information Act, 2005' को परिभाषा खण्डमा तेस्रो पक्षका बारेमा लेखिएको छ: "third party" means a person other than the citizen making a request for information and includes a public authority.

# २.कार्यान्वयन स्थितिको समीक्षा

नागरिकको सूचनाको हकलाई कार्यान्वयन गर्न २०६४ मा सूचनाको हकसम्बन्धी ऐन लागू भएपछिको अहिलेसम्मको अवधिमा नेपालमा केही सकारात्मक प्रगती भएपनि धैरै काम गर्न बाँकी छ। खुला र पारदर्शी शासन व्यवस्था स्थापना गर्ने उद्देश्यसहित कार्यान्वयनमा आएको सूचना हकसम्बन्धी ऐनले सार्वजनिक निकायको परिभाषालाई व्यापक बनाएर नागरिकसँग सरोकार राख्ने सबैखालका निकाय र सरकारी निकायहरुलाई नागरिकहरुप्रति उत्तरदायी बनाउने उद्देश्य राखेको छ। तर अहिलेसम्म सरकारी निकायमै कानून कार्यान्वयन स्थिति फितलो हुँदा सार्वजनिक सरोकारका निजी प्रतिष्ठान र गैरसरकारी संस्थाहरु यसको दायराबाट उम्कदै आएका छन्। साथै यो ऐनले सार्वजनिक निकायमा भएका सूचनामा नागरिकको पहुँचको अधिकारलाई सुनिश्चित गरेको छ। सूचना पाउन उजुरी गरेपछि राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायहरुमाथि सकारात्मक हस्तक्षेप गरेपनि सामान्य अवस्थामा सरकारी निकाय र नागरिक सक्रियता शिथिल देखिन्छ।

यो नीतिपत्रमा सूचनाको हकको कार्यान्वयनको स्थितिको समीक्षाका लागि कानूनका नीतिगत प्रावधानहरु सूचनाको स्वत:प्रकाशन, सूचनाको वर्गीकरण, सूचना प्रवाहको अवस्था, सूचनामा पहुँच, भाषाको प्रयोग, सूचना अधिकारीको नियुक्ति, खुला र पारदर्शी सार्वजनिक निकाय, पुनरावेदनको अवस्था, सूचना शुल्क, सूचना उपलब्ध गराउने समयसिमा लगायतका मुद्दाबारे विश्लेषण गरिएको छ।

## *२.१ सूचनाको स्वत: प्रकाशन*

नियमित रुपमा सूचनाको प्रकाशन गर्नु नै स्वत: प्रकाशन हो। अर्को शब्दमा भन्ने हो भने सूचना माग्न आउनुअघि नै प्रकाशन गर्नु हो। सूचनाको हकसम्बन्धी ऐन अन्तर्गत स्वत: प्रकाशनले सूचनाको प्रवाहलाई बढाउँछ र सूचना माग्ने औपचारिक निवेदनहरुलाई सीमित गरिदिएको हुन्छ। यस अन्तर्गत सूचनाको अधिक प्रवाह (maximum disclosure) अवधारणा पनि छ, जसले सरकारलाई आफ्ना नागरिकका सामु अधिक खुला बनाउँछ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ मा भनिएको छ:

> प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा विना हस्तक्षेप आफ्ना विचारहरु राख्न पाउने स्वतन्त्रता, सिमानाको बन्देज विना कुनै पनि माध्यममार्फत सूचना र विचारहरु प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रता समेत हुनेछ।

सूचनाको हक सम्बन्धी ऐनको प्रमुख उद्देश्य नै स्वत: प्रकाशनसँगै सूचना प्रवाह गरेर लोकतान्त्रिक प्रणालीलाई थप खुला र पारदर्शी बनाउने हो। नेपालमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ (दफा ५.३) र नियमावली २०६५ (दफा ३) मा सार्वजनिक निकायले २० थरीका सूचना स्वत: सार्वजनिक गर्नुपर्ने प्रावधान राखिएको छ। तर यो प्रावधानको कार्यान्वयन स्थिति निकै कमजोर रहेको पाइएको छ। राष्ट्रिय सूचना आयोगको अनुगमन अनुसार १५ वटा संघीय मन्त्रालयहरुले नै सूचनाको स्वत: प्रकाशन गरेका छैनन्।[8] यसरी स्वत: प्रकाशन नगर्ने मन्त्रालयहरुमा अर्थ, गृह, परराष्ट्र मामिला, रक्षा लगायत छन्।[9]

पूर्व प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटाका अनुसार सार्वजनिक निकायहरुलाई उनीहरुको चरित्रअनुसार पुन:परिभाषा गर्नु आवश्यक छ।[10] अहिलेको ऐन अनुसार सबै प्रकारका सरकारी र गैरसरकारी निकायहरु सार्वजनिक निकाय हुन्। सूचनाको हकसम्बन्धी ऐनलाई थप प्रभावकारी बनाउने हो भने निजामती, सुरक्षा, निजी क्षेत्र, सार्वजनिक संस्थान, मिडिया र गैर सरकारी संस्था गरी विभाजन गर्नुपर्दछ। बास्कोटाका अनुसार स्वत: प्रकाशन अन्तर्गतको सूचनामा वैदेशिक सहायता प्राप्त गरेको कुरा पनि समेट्नुपर्छ। हाम्रो कानूनको परिभाषा अनुसार सार्वजनिक सरोकारका क्षेत्रमा काम गर्ने निजी औद्योगिक समूहहरु पनि सार्वजनिक निकाय हुन्। तर तिनले सोझै वैदेशिक सहायता लिन पाउदैनन्। स्वत: प्रकाशनको सूची निजी क्षेत्रमा काम गर्दैन।

सूचनाको हकसम्बन्धी अभियन्ता एवं नेपाल पत्रकार महासंघका पूर्व सभापति धर्मेन्द्र झाका अनुसार 'स्वत:प्रकाशनको प्रावधानलाई बाध्यकारी बनाउन सकिएको छैन। प्रकाशन नगर्दा पनि हुन्छ भन्ने मनसाय सार्वजनिक निकायको देखिएको छ। सूचना सार्वजनिक नगर्ने निकायलाई कारवाहीको समान दायरामा ल्याउन नसक्दा समस्या देखिएको हो।'[11] सूचनाको हकसम्बन्धी ऐनसँगै अस्तित्वमा आएको सुशासनसम्बन्धी ऐन अनुसार सरकारी निकायमा प्रत्येक चौमासिकमा विवरण अद्यावधिक गरी माथिल्लो निकायमा अनिवार्यरुपमा पठाइन्छ। तर सूचनाको हकसम्बन्धी ऐनले व्यवस्था गरेको प्रत्येक तीन महिनामा तोकिएका सूचना स्वत:प्रकाशन गरिँदैन। अभियन्ता झाका अनुसार यस सम्बन्धमा दुवै कानून लागू गर्न सहज हुने गरी एउटै समय मिलान गर्नु उपयुक्त हुनसक्छ।

## *२.२ सूचनाको वर्गीकरण*

सूचनाको वर्गीकरण हुन नसक्दा सूचना प्रवाहमा अपेक्षित सुधार भएको छैन। यद्यपी सूचनाको हकसम्बन्धी ऐनमा तत्काल उपलब्ध

8 राष्ट्रिय सूचना आयोगले आ. ब. २०७६/०७७ मा संघीय मन्त्रालयहरु, सो अन्तर्गतका विभागहरु र सातवटै प्रदेशका प्रदेश मन्त्रालयहरुको वेभसाइट अनुगमन गरि तयार गरेको प्रतिवेदनमा स्वत: प्रकाशनको अवस्था निकै दयनिय रहेको पाइएको छ।

9 दाहाल, अशोक (२०२०). Proactive Disclosure of Information, A Case Study of Nepali Public Bodies, स्नातकोत्तर- (पत्रकारिता) शोधग्रन्थ, त्रिविवि, अप्रकाशित।

10 नीजि अन्तर्वार्तामा आधारित

11 ऐ.ऐ.

गराउन सकिने र नसकिने गरी सूचनाको वर्गीकरण गरिएको भएपनि सार्वजनिक निकायले सूचना प्रवाहमा तदारुकता देखाएका छैनन् ।

ऐनको दफा २७ (१) ले मुख्य सचिवको संयोजकत्वमा गठित समितिले सूचनाको वर्गीकरण गर्ने दायित्व तोकेको छ । नेपालमा अहिलेसम्म दुई पटक सूचनाको वर्गीकरण गरिएको छ । मुख्य सचिव डा. भोजराज घिमिरेको कार्यकालमा २०६५/९/७ मा पहिलो वर्गीकरण भएको थियो । यो वर्गीकरणमा १ सय ८८ बुँदामा सूचनाको वर्गीकरण गरिएको थियो । तर यो वर्गीकरणलाई अमान्य भन्दै राष्ट्रिय सूचना आयोगले २०६६/८/१९ मा पुन: वर्गीकरण गर्न आदेश दिएको थियो ।

दोस्रो वर्गीकरण मुख्य सचिव माधवप्रसाद घिमिरेको कार्यकालमा २०६८/८/२८ मा ८८ बुँदामा सूचनाको वर्गीकरण गरिएको थियो । यो वर्गीकरणविरुद्ध सूचनाको हक सम्बन्धी संस्था एआरटीआइ (आरती) नामक संस्थाले सर्वोच्च अदालतमा मुद्दा दायर गर्यो र अदालतले त्यो वर्गीकरणलाई पनि अमान्य ठहर गर्दै पुन: वर्गीकरण गर्न २०७२/५/२४ मा आदेश दियो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका अवस्थाहरु विद्यमान रहेको स्थितिमा मात्र त्यस्ता सूचनाहरु गोप्य राख्न सकिने गरी दफा २७(१) बमोजिमको मुख्य सचिव संयोजकत्वको समितिले वर्गीकरण गर्न सक्दछ । तर दफा ३(३) को कुन खण्डअनुसार गोप्य राख्नु पर्ने हो भन्ने कुरा वर्गीकरण समितिको निर्णयमा खुलेको देखिदैन । साथै समितिले सार्वजनिक सूचना गोप्य राख्ने गरी वर्गीकरण गर्दा कति अवधिसम्म गोप्य राख्नुपर्ने हो सो अवधिसमेत खुलाउनु पर्ने व्यवस्था दफा २७ (२) मा रहेकोमा सो कानूनी व्यवस्थाबमोजिम के कति अवधिसम्म गोप्य राख्नुपर्ने हो भन्ने कुरा पनि सो निर्णयमा खुलेको देखिँदैन ।

अर्कोतर्फ सूचनाको वर्गीकरण समितिमा सम्बन्धित मन्त्रालयको सचिव सदस्य हुने (दफा २७.१.ख) व्यवस्था रहेकोमा कुन मन्त्रालयका सचिव के कस्तो आधारमा सदस्य भएका हुने भन्ने र खण्ड (ग) अनुसारको सदस्य के कसरी तोकिएको भन्ने नदेखिइकनै सूचनाको वर्गीकरण गरिएको पाइयो । सर्वोच्च अदालतको फैसलाले पनि दफा ३(३) को क देखि ङ सम्मका अपवादका प्रावधानबाहेक अन्य सूचनाहरु प्रवाहित गराउन सरकारका नाममा परमादेश आदेश दिएको थियो । तर यसअनुरुप अहिलेसम्म काम हुन सकेको छैन ।

यसैबीच २०७८।६।१७ मा मुख्यसचिवको अध्यक्षताममा बसेको बैठकले सूचनाको हकसम्बन्धी ऐनको समसामयिक परिमार्जनको प्रस्ताव तयार गर्ने विषय पुन: उठाएको छ । सोही निर्णयमा विषयगत मन्त्रालयहरुको समन्वयमा ३ महिनाभित्र सूचनाको वर्गीकरण कार्य सम्पन्न गर्ने उल्लेख भएपनि अहिलेसम्म वर्गीकरण निर्णय सार्वजनिक भएको छैन । सूचनाको वर्गीकरण सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य, भावना र मर्म अनुसार, पारदर्शी ढंगले गरिनुपर्दछ । गोप्य राख्नुपर्ने स्पष्ट आधारहरु खुलाउनु पर्छ । ऐनको दफा ३(३)[12] भन्दा बाहिरका आधारहरुमा वर्गीकरण गरिनु हुँदैन ।

भारतमा सूचनाको हकसम्बन्धी कानूनमै जासूसी र सुरक्षासँग सम्बन्धित २२ वटा (सन् २०११ मा संशोधन हुनअघि १८) निकायहरुमा यो कानून नलाग्ने स्पष्ट गरेर बाँकी सार्वजनिक निकायहरुलाई जनताप्रति उत्तरदायि बनाउने प्रयास गरिएको छ । तर यी संगठनमा हुने भ्रष्टाचार र मानवाधिकार हननका मुद्दामा भने यो कानूनले वाधा नपार्ने उल्लेख छ ।[13] तर नेपालमा सबै निकायलाई समेटिएको छ र कानूनमै अपवादका प्रावधान राखियो । ती प्रावधानको विस्तृतीकरण र प्रष्ट व्याख्या हुन सकेको छैन ।

## २.३ सूचनाको उपलब्ध गराउन आनाकानी

सूचनाको हकको प्रस्तावनामै अधिकतम सूचना प्रवाह गरि 'खुलापन र पारदर्शीता' स्थापना गर्ने सूचनाको हकसम्बन्धी कानूनको उद्देश्य स्पष्ट पारिएको भएपनि कहिले गोपनियताको कारण देखाउँदै त कहिले सूचनाको वर्गीकरण नभएको कारण देखाउँदै सूचना प्रवाहमा आनाकानी गर्ने प्रचलन फराकिलो देखिन्छ । यसैगरी सार्वजनिक निकायका पदाधिकारीहरु सूचना प्रवाह गर्नेभन्दा लुकाउने काममा पोख्त देखिन्छन् । समयमै सूचनाको प्रवाह नगर्ने, स्वत: प्रकाशनमा आनाकानी गर्ने, सूचना प्रवाहको प्रक्रियालाई लम्ब्याउने, ढिलाई गर्ने र वाध्यकारी अवस्था नआएसम्म सूचना प्रवाह नगर्ने मनस्थितिमा सार्वजनिक निकायका पदाधिकारीहरु छन् । प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले[14] कानूनको वाध्यकारी अवस्था नभएसम्म कर्मचारीले सूचना प्रवाह नगरेको बताउनुभयो ।

सूचनाको हकका अभियन्ता तारानाथ दाहाल[15]का अनुसार गोपनीयताको हकलाई सूचनाको हकका विरुद्ध प्रयोग गरिएको छ । गोपनीयताको प्रावधान र सूचनाको हकका अपवादका विषयमा स्पष्टता हुनु जरुरी छ । केही वर्षअघि दल दर्ताका लागि दश हजार व्यक्तिको हस्ताक्षर चाहिने प्रावधान लागू गरेको निर्वाचन आयोगसँग हस्ताक्षरकर्ता को को थिए भनेर सूचना माग्दा गोपनीयताको कारण

12 दफा ३(३) मा सार्वजनिक निकायमा रहेका देहायको विषयसम्बन्धी सूचना प्रवाह नगरिने उल्लेख छ । (क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, (ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, (ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघत पार्ने, (घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने, (ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने । तर त्यसरी सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन ।

13 भारतीय कानूनको धारा २४ । कानूनको अनुसूची २ मा २२ वटा निकाय सूचीकृत गरिएको छ ।

14 निजी अन्तरवार्तामा आधारित

15 ऐ.ऐ.

देखाइएको स्मरण गर्दै अर्का अभियन्ता टंक अर्याल[16] भन्नुहुन्छ, "सूचना नदिन अनावश्यक ठाउँमा गोपनीयताको कारण देखाइन्छ।"

'गोपनियताको हकसम्बन्धी कानून नभएको देखाएर पनि यस हकको प्रचलनमा यदाकदा समस्या उत्पन्न गराउने गरिएको पाइएको छ। सूचनाको हक र गोपनियताको हक फरक दर्शनमा आधारित हक हुन् भन्ने कुराको फराकिलो बुझाइको विकास भएको छैन।' अभियन्ता झा भन्नुहुन्छ, 'गोपनियता व्यक्तिको हुन्छ। सूचनाको हकले व्यक्तिको जीवनमा प्रवेश गर्ने अधिकार राख्दैन। तर सार्वजनिक हितले गोपनियताको दाबी अन्त्य गर्छ भन्ने मान्यतालाई पनि बिर्सन मिल्दैन।'

## २.४ सूचनाको पहुँच

सूचनाको पहुँच र स्वतन्त्रतालाई मौलिक मानव अधिकार मानिन्छ। संयुक्त राष्ट्रसंघको महासभाको पहिलो सत्रले, सन् १९४६ मा, "सूचनाको हक मानिसको मौलिक अधिकार हो … यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने कसी हो" भन्ने प्रस्ताव स्वीकार गरेको थियो (ब्रेसनर, २०१५ मा उद्धृत)।[17] सार्वजनिक सरोकारका कुनै पनि विषयमा सर्वसाधारण नागरिक र मिडियाको पहुँच सुनिश्चित गर्ने र वैयक्तिक अधिकारमा प्रभाव पार्ने कुनै पनि सूचना माग्न र प्राप्त गर्ने अधिकार सुरक्षित रहने कुरा संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदकले पनि औंल्याएको छ।[18]

मानवअधिकारसम्बन्धी अन्तर अमेरिकी आयोग (आइएसीएचआर) ले सरकार एवं यसका निकायहरुले असल सार्वजनिक प्रशासन र पारदर्शीता सुनिश्चित गर्न सूचनाको पहुँचको अधिकार आधारभूत आवश्यकता भएको औंल्याएको छ। नेपालमा पनि सूचनाको पहुँच सरल र सहज बनाउने दायित्व सार्वजनिक निकायको रहेको छ।[19] सूचनाको पहुँचलाई बढवा दिन सार्वजनिक निकायहरुले वार्षिक प्रतिवेदन, अध्यावधिक प्रकाशन, श्रव्य दृश्य सामग्री उत्पादन, पुस्तिका, ब्रोसर आदिको प्रकाशन प्रसारण गर्दै आएपनि सबै निकायमा यो पर्याप्त छैन। नेपालमा सार्वजनिक सूचना प्रवाह प्रणाली अझै पनि नागरिकप्रति उत्तरदायि देखिदैन। सूचनाको हकसम्बन्धी अभियन्ता धर्मेन्द्र झाको बुझाइमा सूचना माग्ने अभ्यास अझै गतिशिल बन्न सकेको छैन।[20]

## २.५ सूचना अधिकारीको नियुक्ति

सूचनाको हकले 'सूचनाको स्वतन्त्रता' र 'थाहा पाउने अधिकार' दुवैलाई जनाउँदछ। सार्वजनिक निकायको सूचना प्रवाह गर्ने दायित्वका लागि सूचना अधिकारी[21] र प्रवक्ता[22] तोक्ने गरिएको छ। सूचनाको हकसम्बन्धी ऐनले सूचना अधिकारीको व्यवस्था गरेको छ भने सुशासन ऐन अन्तर्गत प्रवक्ता तोकिएका छन्। सूचना अधिकारीले आधिकारिक सूचनाको कारोवार गर्दछन् भने प्रवक्ताले संस्थाको आवश्यकता अनुसार सूचना प्रवाह गर्ने काम गर्दछ। प्रवक्ताले मिडियासँगको सम्बन्ध र जनसम्पर्कको कोणबाट काम गरेको देखिन्छ भने सूचना अधिकारीले सूचना खोज्ने नागरिकलाई सेवा दिन्छ। नेपालमा कतिपय ठाउँमा सूचना अधिकारी र प्रवक्ताबीचको व्यक्तित्व र प्रतिष्ठाको टकराव पनि अनूभव गरिएको छ र सूचनाको हकसम्बन्धी कानून कार्यान्वयनमा समस्या देखिएको छ। अर्कोतर्फ कार्यालय प्रमुखले सूचना अधिकारी तोक्ने प्रावधानका कारण सूचना अधिकारीको मर्यादा, काम र प्रभावकारिताबारे प्रश्न उठ्ने गरेको छ। सूचनाको हक अभियन्ता झा भन्नुहुन्छ, 'सूचना अधिकारी तोक्नेभन्दा यसलाई एक निश्चित सेवा समूह बनाई पद सिर्जना गरी पदपूर्ती गर्नु जरुरी देखिन्छ।'

नेपालमा सूचना अधिकारी तोक्ने काम पछिल्ला वर्षहरुमा क्रमशः फराकिलो बन्दै गएको छ। संघीय मन्त्रालय अन्तर्गतका विभागहरुमा ३२ विभागहरुले सूचना अधिकारी तोकेको पाइयो भने १७ वटा विभागले सूचना अधिकारी तोकेको पाइएन।[23] ४९ प्रदेश मन्त्रालयहरुमा[24] ३७ वटा मन्त्रालयहरुले सूचना अधिकारी तोकेको पाइयो भने १२ वटा मन्त्रालयले सूचना अधिकारी तोकेको पाइएन।[25] सूचना अधिकारी तोके पनि उनीहरुको सम्पर्क नम्बर र इमेल उल्लेख नगर्ने कार्यालयको संख्या ठूलो छ। राष्ट्रिय सूचना आयोगले आफ्नो स्थापनाकाल देखि नै सूचना अधिकारी तोक्दा सूचना अधिकारीको नाम, पद, कोठा नं., सम्पर्क नं. र इमेलसमेत उल्लेख गरी वेभसाईट र सार्वजनिक निकायको प्रवेश कक्षमा राख्न आग्रह गर्दै आए पनि यो काम अझैसम्म बाँकी रहनु कानूनको पूर्ण वेवास्ता हुनु हो। अर्कोतर्फ सूचना अधिकारी तोकिएका ठाउँमा उनीहरुलाई सक्रिय र प्रभावकारी बनाउन अतिरिक्त प्रयास र प्रोत्साहन गर्नु जरुरी छ।

## २.६ खुला र पारदर्शी सार्वजनिक निकाय

आफ्नो काम खुला र पारदर्शी रुपमा गर्ने दायित्व सार्वजनिक निकायको रहेको छ।[26] सूचनाको हक सम्बन्धी ऐनको प्रस्तावनामा

16 ऐ.ऐ.
17 Bresner, K. (2015), Understanding the Right to Freedom of Expression, International Human Rights Program (IHRP)/ Journalists for Human Rights (JHR), University of Toronto, Toronto (Available at https://jhr.ca/wp-content/uploads/2019/10/Understanding-Freedom-of-Expression-Primer-ENG-web.pdf)
18 ऐ.ऐ.
19 सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ४ (२) (ख)
20 निजी अन्तरवार्तामा आधारित
21 दफा ६, सूचनाको हक सम्बन्धी ऐन, २०६४
22 दफा २४, सुशासन ऐन, २०६४
23 राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, २०७६/०७७, पृ. ५२
24 हाल कतिपय प्रदेशमा मन्त्रालयको संख्या थपिएकाले अहिले यो भन्दा बढी छ।
25 ऐ. ऐ. पृष्ठ ५३
26 सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ४(२) ग

"राज्यका काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन" उल्लेख गरिएपनि नेपालका सार्वजनिक निकायले प्रभावकारी ढंगले सेवा प्रवाह गरेको भन्न मिल्ने अवस्था अझै देखिएको छैन। फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ दाहालले सार्वजनिक निकायले अनिवार्य रुपमा स्वत:प्रकाशनको अभ्यासलाई प्रोत्साहन गर्ने हो भने खुलापन र पारदर्शीताको अभ्यास हुनसक्ने बताउनुभयो। प्रमुख सूचना आयुक्त गुरुङले रु. २५ हजारभन्दा माथिका सबै कारोवार सार्वजनिक गर्ने घोषणा सरकारले गरेको भएपनि त्यो कार्यान्वयन नभएको बताउनुभयो। पूर्वसचिव प्रताप कुमार पाठकले सूचना सार्वजनिक गर्दा संकटमा पर्ने लघुताभास र सूचना पारदर्शीताको संस्कार नभएकाले नेपालका सार्वजनिक निकायको खुलापन र पारदर्शीताको स्थिति अझैपनि कमजोर छ।[27]

## २.७ सूचना आयोग समक्ष पुनरावेदन

कुनै पनि सार्वजनिक निकायको सूचना अधिकारी र कार्यालय प्रमुखले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रुपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनि सूचना नदिएको अवस्थामा सूचना माग गर्ने व्यक्तिले ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिन सक्नेछ। २०६५ जेठ २२ गते राष्ट्रिय सूचना आयोग स्थापना भएपछिका वर्षहरुमा पुनरावेदनको संख्या क्रमश: बढेको देखिन्छ। यसले सूचना माग्ने संस्कारमा बृद्धि भएको देखाउँछ।

**राष्ट्रिय सूचना आयोगमा परेका पुनरावेदन, उजुरी र निवेदनको अवस्था**

| आ.ब. | पुनरावेदन, उजुरी तथा निवेदनको संख्या | फछ्यौंट | फछ्यौंट प्रतिशत |
|---|---|---|---|
| २०६५/०६६ | १२ | ११ | ९१.६७ |
| २०६६/०६७ | ३९ | २९ | ७४.३६ |
| २०६७/०६८ | ४७ | २२ | ४६.८१ |
| २०६८/०६९ | १३६ | ९० | ६६.१८ |
| २०६९/०७० | २६० | १९९ | ७६.५५ |
| २०७०/०७१ | ४७० | ४०९ | ८७.०२ |
| २०७१/०७२ | ७७७ | ७६५ | ९८.४५ |
| २०७२/०७३ | ६७८ | ६७४ | ९९.४१ |
| २०७३/०७४ | ६७२* | ६७०** | ९९.७९ |
| २०७४/०७५ | ११७६ | ११७५ | ९९.९१ |
| २०७५/०७६ | ११४४ | ११४४ | १०० |
| २०७६/०७७ | १०१३ | १०१३ | १०० |

*स्रोत: राष्ट्रिय सूचना आयोग, वार्षिक प्रतिवेदन २०७६-२०७७ (पृ.११)*

*अघिल्लो वर्षको प्रतिवेदनमा यो संख्या ४९७ र **४९४ उल्लेख छ।

माथि उल्लेखित विवरणमा सार्वजनिक निकायहरुमा सूचना माग भएको, सूचना प्राप्त गरेको, सूचना दिन इन्कार गरिएको विवरण सङ्कलन गर्न सकिएको अवस्था छैन (सूचना आयोग वार्षिक प्रतिवेदन पृ ११)। अझै पनि सबै सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गरेका छैनन्। २०७६/०७७ मा पुनरावेदनको संख्या घट्नुमा कोरोना महामारीपछि जारी गरिएको लकडाउन कारक रहेको आयोगको ठम्याइ छ। २०७६/२०७७ मा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा आयोगमा परेका १०१३ पुनरावेदन, उजुरी तथा निवेदनहरुको क्षेत्रगत स्थिति हेर्दा स्थानीय तहको उजुरी सङ्ख्या बढी छ।

माथि उल्लिखित तथ्याङ्कका आधारमा उजुरी र पुनरावेदनको सामान्य अवस्थाबारे जानकारी प्राप्त गर्नसकिए पनि सूचनाको हकअन्तर्गत कति निवेदन दर्ता हुन्छन्? कतिमाथि कारवाही अगाडि बढ्छ र कति बीचैमा रोकिन्छन् भन्ने तथ्याङ्क नहुँदा समग्र अवस्थाको अध्ययनमा कठिनाइ उत्पन्न हुने गरेको छ। यस अवस्थामा यस्ता सूचनाको सहज उपलब्ध हुने र अध्ययन गर्न सकिने वातावरण निर्माणका लागि सूचना आयोगले सशक्त र पारदर्शी तथ्याङ्कीय प्रणाली विकसित गर्नु जरुरी छ।

**क्षेत्रगत पुनरावेदनको विवरण**

| क्र. सं. | क्षेत्र | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्थानीय तह | ५३१ | ५२.४ |
| २ | गैर सरकारी संस्था र अन्य संस्था | २०१ | १९.९ |
| ३ | शिक्षा तथा खेलकूद | ९४ | ९.३ |
| ४ | आर्थिक (बैंक तथा वित्तीय संस्था) | ७० | ६.९ |
| ५ | कानून, न्याय तथा प्रशासन | ५६ | ५.५ |
| ६ | जग्गा, मालपोत, भूमी, वन तथा कृषि | ३४ | ३.४ |
| ७ | संस्थान तथा प्राधिकरण | ११ | १ |
| ८ | खानेपानी, विद्युत, निर्माण तथा यातायात | १० | १ |
| ९ | सूचना, सञ्चार तथा प्रविधि | ५ | ०.५ |
| १० | पर्यटन | १ | ०.१ |
| | जम्मा | १०१३ | १०० |

*स्रोत: राष्ट्रिय सूचना आयोग, वार्षिक प्रतिवेदन २०७६-२०७७ (पृ.१२)*

27 दाहाल, गुरुङ र पाठकसँग कुराकानीमा आधारित

सार्वजनिक निकायहरुमा सूचना माग संख्या एकिन नभएपनि त्यस क्षेत्रमा काम गरेका व्यक्तिहरुको अनुमान अनुसार वार्षिक पचास हजारभन्दा बढीको संख्यामा सूचना माग हुने गरेको छ। [28]

## २.८ सूचना शुल्क

सूचना प्रवाहलाई व्यवस्थित गर्न र अनियन्त्रित प्रवाहलाई सीमित गर्न सूचना प्राप्त गर्दा दस्तुरको व्यवस्था गरिएको हुन्छ। सार्वजनिक निकायले सूचना उपलब्ध गराउँदा पहिलो दश पृष्ठका लागि नि:शुल्क र त्यसपछि प्रति पृष्ठ पाँच रुपैयाँ तोकिएको छ। तर अहिले सूचनाको प्रवाह डिजिटल स्वरुपमा हुने भएकोले पूर्ण नि:शुल्क गर्न सकिन्छ। राज्य र सार्वजनिक निकायले उपलब्ध गराउने सूचना नि:शुल्क हुनुपर्छ। सूचना शुल्कको प्रावधानले सूचना माग प्रक्रियालाई संकुचित र नियन्त्रित गर्ने सम्भावनाप्रति सचेत हुनु जरुरी छ। सूचना मागिएकै स्वरुपमा उपलब्ध गराउनु पर्ने भएकोले शुल्क तिर्न पर्ने अवस्था पनि हुनसक्छ। अधिकांश सार्वजनिक निकायले सूचनाको व्यवस्थापन डिजिटल स्वरुपमा गरेका छैनन्।

## २.९ भाषाको प्रयोग

सूचनाको हकसम्बन्धी ऐन (दफा ४.३) मा सार्वजनिक निकायले सूचना प्रकाशन प्रसारण गर्न विभिन्न राष्ट्रिय भाषा र माध्यम प्रयोग गर्न सक्ने प्रावधान छ। तर अहिलेसम्म फाट्टफुट्ट अन्य भाषाबाहेक नेपाली भाषा मात्रै प्रयोग गरेको पाइएको छ। पूर्व सूचना आयुक्त किरण पोखरेलका अनुसार दाङ जिल्लामा एक पटक थारु भाषामा सूचना माग्ने र दिने काम भएको थियो।[29] त्यसबाहेक थप भाषाको प्रयोग भएको पाइएको छैन। काठमाडौ र ललितपुरमा नेवारी भाषाको रञ्जना लिपिमा साइनबोर्ड र जनकपुरमा मैथिली भाषालाई फाट्टफुट्ट प्रयोग गरेको पाइए पनि सूचना लिनेदिने काममा अझै प्रयोग भएको छैन। अर्कोतर्फ सार्वजनिक निकायले तयार पार्ने दस्तावेज र सार्वजनिक गर्ने सूचनाहरु ज्यादा कानूनी र प्रशासनिक भाषामा र लामा लामा वाक्य समाहित गरिएको पाइन्छ। सामान्य भाषा प्रयोग गर्न कर्मचारीहरुलाई उत्प्रेरित गर्नुपर्ने एवं तालिम दिनुपर्ने देखिन्छ।

## २.१० सूचना उपलब्ध गराउने समयसिमा

सूचना माग भएपछि सूचना उपलब्ध गराउन विभिन्न अवस्थाको परिकल्पना गर्दै समयसिमा तोकिएको छ। सूचना उपलब्ध गराउने समयसिमा देहायको तालिकामा प्रस्तुत गरिएको छ।

28 पूर्व प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा र पूर्व सूचना आयुक्त किरण पोखरेलसँगको कुराकानीमा आधारित।

29 निजी अन्तरवार्तामा आधारित

**सूचना प्रवाहको समयावधि**

| क्र.सं. | सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा उल्लेख भएको अवस्था | सूचना माग गर्दै परेका निवेदनका लागि तोकिएको समयसिमा |
|---|---|---|
| १. | साधारण अवस्थामा सूचना उपलब्ध गराउने (दफा ७.२) | तत्काल |
| २. | तत्काल सूचना उपलब्ध गराउन नसकिने अवस्थामा (दफा ७.२) | १५ दिन |
| ३. | (दफा ७.२ अनुसार तत्काल सूचना उपलब्ध गराउन नसकेमा) | सूचना अधिकारीले सूचना दिन नसकेको कारण दिनुपर्छ |
| ४. | कुनै व्यक्तिको जीउज्यानको सुरक्षासँग सम्बन्धी सूचनाको माग भएको अवस्थामा (दफा ७.४) | २४ घन्टाभित्र |
| ५. | कुनै लिखत, सामग्री वा काम कारवाहीको अध्ययन वा अवलोकन गर्न (दफा ७.७) | मुनासिव समय |
| ६. | आफ्नो निकायसँग असम्बन्धित सूचना मागेको अवस्थामा (दफा ७.८) | सूचना अधिकारी तुरुन्त जानकारी गराउने |
| ७. | सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने (दफा ९.१) | सात दिनभित्र |
| ८. | कार्यालय प्रमुखले उजुरी जाँचबुझ गरी सूचना उपलब्ध गराउन आदेश दिनसक्नेछ। यदि सूचना अधिकारीले जानीजानी वा बदनीयतपूर्वक सूचना नदिएको रहेछ भने विभागीय कारवाही गर्नसक्ने। सूचना मागकर्तालाई सूचना दिन नमिल्ने देखिएमा सोही व्योहोराको निर्णय गरी जानकारी दिने। (दफा ९.२ देखि ९.४) | उजुरी प्राप्त भएपछि तत्काल। कुनै समयसिमा नतोकिएको। |
| ९. | कार्यालय प्रमुखको निर्णय चित्त नबुझे राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिनसक्ने (दफा १०.१) | ३५ दिनभित्र (कार्यालय प्रमुखको निर्णयको जानकारी पाएपछि) |
| १०. | राष्ट्रिय सूचना आयोगले पुनरावेदन उपर आवश्यक कारवाही गर्नुपर्ने | पुनरावेदन परेको ६० दिनभित्र |
| ११. | आयोगको निर्णयमा चित्त नबुझे पुनरावेदन अदालतमा पुनरावेदन गर्न सकिने | ३५ दिनभित्र (आयोगको निर्णय जानकारी भएपछि) |

*स्रोत: श्रीराम पौडेलको विद्यावारिधिको अनुसन्धानमा आधारित*



निजी अन्तरवार्तामा आधारित

पुनरावेदनको बढ्दो संख्याले चित्तबुझ्दो स्वरुपमा सूचना प्रवाह नगरिएको स्पष्ट हुन्छ । तर यसको सकारात्मक पक्ष के भने सूचना माग्ने संस्कार क्रमश: विकसित हुँदैछ । सार्वजनिक निकायहरुमा सूचना अधिकारी नतोकिएको अवस्था रहनु, स्वत: प्रकाशनको अभ्यास सीमित हुनु र नीतिगत मूल्यमान्यताप्रति मजबुद स्वीकारोक्ति नहुँदा यो ऐनको कार्यान्वयन प्रभावकारी देखिएको छैन ।

साथै सूचनाको वर्गीकरण, सार्वजनिक निकायका दायित्व, बीस वर्ष अघिसम्मका सूचनाको अद्यावधिक गर्ने लगायतका प्रावधानप्रति सरकार र सार्वजनिक निकाय उदासिन देखिएका छन् । ऐनको दफा ३७ मा 'यस ऐनमा लेखिए जति कुरा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ' भन्ने उल्लेख भएपनि यसै ऐनका कुरा कार्यान्वयनमा आएका छैनन् र यस ऐनसँग बाझिने अन्य कानूनको संशोधन र परिमार्जनप्रति खासै चासो दिइएको देखिदैन ।

सूचना प्रदान गर्ने समयसिमाको पुनरावलोकन जरुरी छ । आवश्यक सूचना समयमै नपाउँदा त्यसको कुनै महत्व रहँदैन । सूचनाको सम्बन्ध समयसँग हुन्छ । सूचना अधिकारीलाई दिइएको अधिकतम १५ दिनको समयसीमालाई केही सूचना अधिकारीले आफ्नो अधिकारका रुपमा बुझ्ने गरेकाले पनि सूचना प्रवाहमा समस्या देखिएको छ । यस्तै आयोगको उजुरी र पुनरावेदनउपरको सुनुवाईमा पनि निकै समय लाग्ने गरेको देखिएको छ ।

# ३. राष्ट्रिय सूचना आयोगको स्थापना र कार्य

सूचनाको हकको संरक्षण, सम्बर्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था गरिएको छ ।[30] आयोगमा एक जना महिला समावेश हुनेगरि प्रमुख सूचना आयुक्त र अन्य दुईजना सूचना आयुक्तहरु हुनेछन् । प्रमुख आयुक्त र आयुक्तहरुको पाँच वर्षको पदावधि रहने आयोगले अहिलेसम्म तीन जनाको नेतृत्व पाएको छ । प्रारम्भमा पत्रकारिता पृष्ठभूमिका विनय कुमार कसजूको नेतृत्वमा आयोग गठन भएपनि त्यसपछि पूर्वप्रशासक रोजाइमा पर्दै आएका छन् ।[31] सूचना आयुक्तहरुमा पत्रकारिता र कानूनी पृष्ठभूमिसहित राजनीतिक पहुँच भएका व्यक्तिहरु नियुक्ति पाउन सफल भएका छन् । सभामुखको अध्यक्षतामा सूचना तथा सञ्चार मन्त्री र नेपाल पत्रकार महासंघका सभापति सदस्य रहने समितिको सिफारिसमा सरकारले आयोगका पदाधिकारी नियुक्त गर्ने प्रावधान रहेपनि पछिल्ला नियुक्तिहरु राजनीतिक भागबन्डामा हुँदै आएका छन् । योग्यता प्रणालीभन्दा पनि राजनीतिक पहुँच भएका न्यूनतम योग्यता पुगेका व्यक्तिले अवसर पाएका देखिन्छ । अहिले सिफारिस समितिको संरचना परिवर्तन गर्न सूचना आयोगले सिफारिस गरेको छ । प्रधानमन्त्रीको अध्यक्षतामा विपक्षी दलको नेतासमेत रहेको सिफारिस समितिको सिफारिसका आधारमा आयोगका पदाधिकारीहरु राष्ट्रपतिबाट नियुक्त गर्ने गरि ऐन संशोधन गर्न आयोगले सुझाव दिंदै आएको छ ।

आयोगले अहिलेसम्म पाएको तीन वटा नेतृत्वको विश्लेषण गर्दा कसजू कार्यकाल आयोगको शुभारम्भ र सूचनाको हकको कार्यान्वयनको आधार तयार गर्नमै वित्यो भने बास्कोटा कार्यकाल सूचनाको हकको प्रचलनका लागि प्रचारात्मक कार्यक्रममा केन्द्रित भयो भने वर्तमान नेतृत्वले पनि कुनै गुणात्मक काम देखाइसकेको छैन । अहिलेसम्म सूचनाको हकको प्रचलनमा केही कामहरु भएपनि संरक्षण र सम्बर्धनका लागि काम हुनसकेका छैनन् । सूचनाको हक अभियन्ता झा को टिप्पणी छ, 'सरकार सूचना आयोगलाई कमजोर बनाउन लागेको छ । विगतमा सूचना आयोगको प्रशासनिक नेतृत्व सचिव (विशिष्ट श्रेणी) बाट हुँदै आएपनि अहिले घटुवा गरी सहसचिव (प्रथम श्रेणी)मा सीमित गरिएको छ ।'

राष्ट्रिय सूचना आयोगलाई तोकिएको दायित्व र कार्यक्षेत्र अनुरुप यो निकै शक्तिशाली निकाय हो, जसले सबै सार्वजनिक निकायलाई निर्देश गर्नसक्छ । तर स्वयंमा स्वायत्त निकाय हुनका लागि बजेट, सञ्चालन र निर्णय प्रक्रियामा स्वतन्त्र हुनुपर्छ । आयोग बजेट परिचालन गर्न स्वायत्त छैन । रचनात्मक काम गर्न बजेटको अभाव हुने गरेको आयोगमा काम गरेका व्यक्तिहरुले बताउँदै आएका छन् ।

राष्ट्रिय सूचना आयोगले आफू मातहत रहनेगरि प्रादेशिक सूचना आयोग स्थापनाको माग गर्दै आएको छ । संघीय शासन पद्धति अवलम्बन गरेका प्राय: सबै मुलुकमा संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोग स्थापना गर्ने प्रचलन रहेको भन्दै आयोगले नेपालमा पनि प्रादेशिक सूचना आयोग स्थापनाको संवैधानिक प्रत्याभूति गर्न आग्रह गर्दै आएको छ ।

तर संघीय कानूनमा संशोधन हुनु अघि नै प्रदेश सरकारले सूचनाको हकसम्बन्धी कानून निर्माण गरी स्वतन्त्र रुपमा अघि बढ्न थालेका छन् । केन्द्र र प्रदेशमा तालमेल हुन सकेको छैन । संविधानको अनुसूचीको ५ मा संघको अधिकार सूची राखिएको छ, जसअन्तर्गत बुँदा नं ८ मा 'दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो, टेलिभिजन र हुलाक' रहे पनि सूचनाको हकबारे उल्लेख छैन । संविधानको यो अधिकार सूचीलाई कार्यान्वयन गर्न नेपाल सरकारले संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकारको सूचीको बाँडफाँड र विस्तृतीकरण[32] गर्दै सूचनाको हक सम्बन्धी

30 दफा ११, सूचनाको हकसम्बन्धी ऐन, २०६४

31 कसजूपछि प्रमुख सूचना आयुक्तमा क्रमश: पूर्व सचिवद्वय कृष्णहरि बास्कोटा र महेन्द्र मान गुरुङ (हाल कार्यरत) नियुक्त गरिए ।

32 अधिकार सूचीको बाँडफाँड र विस्तृतीकरण https://www.opmcm.gov.np/federalism-admin

विषय केन्द्र सरकार मातहत रहने उल्लेख छ। अधिकार सूचीको विस्तृतीकरणको ८.५.१ बुँदामा सूचनाको हक सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वय र नियमन गर्ने अधिकार संघ अन्तर्गत रहने उल्लेख गरिएपनि अहिले बागमती प्रदेशमा सूचनाको हकसम्बन्धी ऐन पारित भइसकेको छ। तर यो विस्तृतीकरण सूचीको संवैधानिक वा कानुनी हैसियत स्पष्ट छैन (दाहाल, २०७८) ।[33]

# ४.प्रदेश तहमा सूचनाको हकसम्बन्धी कानून

अहिलेसम्म बागमती प्रदेशले मात्र सूचनाको हक सम्बन्धी ऐन बनाएपनि लागू भएको छैन। यस अन्तर्गतको 'सूचना पुनरावेदन समिति' सदस्य नियुक्त गरिएको छैन र नियमावलि पनि जारी गरिएको छैन।[34]

संघीय कानून 'सूचनाको हकसम्बन्धी ऐन,२०६४' लाई प्रादेशिक क्षेत्राधिकारमा रुपान्तरण गरि निर्माण गरिएको 'प्रदेश सूचनाको हकसम्बन्धी (पहिलो संशोधन) ऐन,२०७७' को प्रस्तावना, परिभाषा खण्ड, सार्वजनिक निकायका दायित्व, सूचना अद्यावधिक र प्रकाशन, सूचना प्रवाह गर्न नमिल्ने अवस्था, सूचना अधिकारीको व्यवस्था, सूचना प्राप्त गर्ने कार्यविधि, उजुरी र पुनरावेदनको अवस्था, सूचनाको वर्गीकरण र संरक्षण, सूचनादाताको संरक्षण लगायत सबै प्रावधानहरु समान छन्। फरक यति मात्र छ, क्षेत्राधिकारलाई प्रष्ट्याउन आवश्यक पर्ने ठाँउमा 'प्रदेश मातहत' शब्द थपिएको छ। यो ऐनको मुख्य विशेषता भनेको केन्द्रमा राष्ट्रिय सूचना आयोग रहे जस्तो प्रदेशमा 'सूचना पुनरावेदन समिति'को व्यवस्था गरिएको छ।

## *४.१ सूचना पुनरावेदन समिति*

पुनरावेदन समितिमा एक अध्यक्ष र अन्य दुइ जना सदस्यहरु रहनेछन् जसमा कम्तिमा एक जना महिला हुनेछ। प्रदेश सरकार अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रीको अध्यक्षतामा मुख्य न्यायाधिवक्ता र नेपाल पत्रकार महासंघ प्रदेश समितिका अध्यक्ष सदस्य रहने तीन सदस्यीय समितिले सूचना पुनरावेदन समितिका अध्यक्ष र सदस्यको सिफारिस गरे अनुरुप प्रदेश सरकारले मनोनित गर्ने व्यवस्था गरिएको छ। ४ वर्षे पदावधि रहने अध्यक्ष र सदस्यहरुको सिफारिस गर्दा कानून न्याय, सूचना तथा अभिव्यक्ति स्वतन्त्रता, आम सञ्चार, सार्वजनिक प्रशासन, व्यवस्थापन, मानव अधिकार र सूचना प्रविधिमध्ये कुनै क्षेत्रमा अध्यक्षका लागि कम्तिमा दश वर्ष र सदस्यको हकमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको व्यक्तिमध्येबाट कम्तिमा एक जना महिलासहित फरक फरक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ। अध्यक्षको हकमा स्नातकोत्तर र सदस्यको हकमा स्नातक तह उत्तीर्ण गरेको योग्यता निर्धारण गरिएको छ। प्रदेश कार्यक्षेत्र बनाई आम सञ्चार क्षेत्रमा कम्तिमा दश वर्ष काम गरेको हुनुपर्ने प्रावधान पहिलो संशोधनमार्फत हटाइएको छ।

प्रदेश सभाको सूचना तथा सञ्चारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतले कार्यक्षमताको अभाव वा खराव आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा पदबाट हटाउन सक्ने प्रावधान राखिएको छ। पुनरावेदन समितिको सचिवालय प्रदेशको राजधानीमा रहनेछ। प्रदेशमा सूचना तथा सञ्चार क्षेत्र हेर्ने मन्त्रालयको कानून महाशाखा प्रमुखले पुनरावेदन समितिको सचिव भइ काम गर्ने प्रावधान राखिएको छ। सूचना पुनरावेदन समिति प्रदेश सरकारकै आंगिक निकायजस्तो देखिन्छ।

## *४.२ प्रदेशमा सूचनाको वर्गीकरण*

सूचनाको वर्गीकरणका लागि केन्द्रमा मुख्य सचिवको अध्यक्षतामा समिति गठन हुने व्यवस्था रहे जस्तै प्रदेश सरकारको प्रमुख सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयका सचिव र कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ सदस्य रहनेछन् (दफा २६)। यो समितिले सम्बन्धित सूचना कति वर्षसम्म गोप्य राख्नुपर्ने हो सो को अवधि र संरक्षण गर्ने तरिका समेतका बारेमा पनि निश्चित मापदण्ड निर्धारण गरी सो को जानकारी दिनुपर्नेछ। तर पुनरावेदन समितिले सो वर्गीकरणप्रति पुनरावलोकन गरि सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिनसक्नेछ। वर्गीकरण गरिएको सूचनाको प्रकृति अनुसार बढीमा ३० वर्षसम्म गोप्य राख्न सकिने र प्रत्येक पाँच वर्षमा वर्गीकरणको पुनरावलोकन हुने व्यवस्था गरिएको छ।

# ५.थप चिन्तन गर्नुपर्ने क्षेत्र

सूचनाको हकको नीतिगत मूल्यमान्यता/ स्तरियता (Policy standards) लाई गंभिर रुपमा आत्मसात् गर्नु आवश्यक छ। आर्टिकल १९ ले सूचनाको हकको शासन व्यवस्थाका लागि केही

33 तारानाथ दाहालद्वारा लिखित 'संघीयतामा सञ्चारको हकको कार्यान्वयन', अप्रकाशित समिक्षा प्रतिवेदन, २०७८।

34 ऐनमा व्यवस्था भएबमोजिम पदाधिकारी नियुक्त गरिसकेपछि ऐनलाई थप क्रियाशिल बनाउन पदाधिकारीकै सहभागितामा नियमावली बनाउने चलन छ। २०७६ कार्तिक १७ गते प्रमाणीकरण भएको 'प्रदेश सूचनाको हकसम्बन्धी ऐन, २०७६ को २०७७ जेठ २६ गते पहिलो संशोधन पनि भइसकेको छ।

सिद्धान्त प्रतिपादन गरेको छ। तिनीहरुमा अधिकतम सूचना प्रवाह, प्रकाशन गर्ने दायित्व, खुला सरकारको प्रबर्धन, अपवादका प्रावधानको सीमित महत्व, सहज पहुँचका प्रक्रिया, सूचनाको मूल्य, खुला बैठक, खुलासालाई प्राथमिकता र सूचनादाताको संरक्षण रहेका छन्। यी पक्षहरुमा कानून कार्यान्वयन गर्ने संयन्त्र र सार्वजनिक निकाय गंभिर हुनुपर्छ।

कानून कार्यान्वयनका लागि स्रोतको उपलब्धता महत्वपूर्ण रहन्छ। सूचनाको हकको कार्यान्वयनका लागि तालिमप्राप्त जनशक्तिको अभाव छ। कर्मचारीतन्त्रमा उपलब्ध जनशक्तिबाटै काम चलाइएको छ। सूचना व्यवस्थापन र प्रवाहको कामलाई विशिष्टीकृत सेवाको रुपमा विकास गर्दै लग्नुपर्दछ।

आर्थिक र प्राविधिक स्रोतको समुचित व्यवस्थापन गर्दै सार्वजनिक निकायहरुका लागि छुट्टै आरटिआइ बजेटको व्यवस्था गर्नुपर्दछ।

अन्तर-सांगठनिक सञ्चार, समन्वय र सहकार्यको अवस्था नेपालका सार्वजनिक निकायहरुमा कमजोर छ। यो पक्ष सबल नभएसम्म कानून कार्यान्वयन प्रभावकारी हुन सक्दैन। कार्यान्वयनकर्ताको संज्ञान र नीतिप्रतिको मजबुद स्वीकारोक्ति पनि कमजोर देखिन्छ। कार्यालय प्रमुख र सूचना अधिकारीहरुलाई प्रेरित गर्नुपर्दछ।

दण्डको व्यवस्था नभएका कारण सूचनाको स्वत: प्रकाशनमा सार्वजनिक निकायले अटेरी गर्दै आएका छन्।  कानुनी रुपमा दण्डित हुने प्रष्ट व्यवस्था नभएकाले चौमासिक रुपमा विवरण प्रकाशन गर्न सार्वनजिक निकायले हेलचक्र्याइ गरेका सूचना आयोगको पनि ठम्याइ छ। आयोगका अनुसार मुनासिब दण्ड वा बजेट रोक्का गर्ने वा विभागीय सजायको प्रष्ट व्यवस्था गर्नुपर्दछ। पारदर्शीता, जिम्मेवारी तथा जनसहभागितालाई प्रबर्द्धन गर्न सरकारले सबै कर्मचारीसमक्ष बलियो सन्देश पुर्याउनु पर्छ।

सेन्टर फर मिडिया रिसर्च-नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः www.research.butmedia.org